# स्थानीय राजपत्र

भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ४ भगवतीमाइ माघ २४ गते, २०७७ साल (संख्या : ६)

**भाग –१**
**भगवतीमाई गाउँपालिका**

नेपालको संविधानको धारा २२८ को उपधारा २ तथा भगवतीमाई गाँउपालिकाको प्रशासकीय कार्य विधि नियमित गर्ने ऐन, २०७५ बमोजिम भगवतीमाई गाउँपालिकाले बनाएको तल उल्लेखित वमोजिम ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**सम्वत् २०७७ सालको ऐन नं. : ०३**

## भगवतीमाई गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७

प्रस्तावना : गाउँपालिका क्षेत्र भित्रका बासिन्दाहरुलाई आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रहको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गरी सोही संविधानको अनूसूची ८ र ९ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (१) र (४) अनुसार स्वास्थ्य सेवालाई व्यवस्थित गर्ने काम, कर्तव्य र अधिकारको प्रयोजनका लागि भगवतीमाई गाउँपालिका सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "भगवतीमाई गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७" रहेको छ ।

(ख) यो ऐन गाँउ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले "भगवतीमाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन २०७७" लाई सम्झनु पर्दछ ।

(ख) "संघीय ऐन" भन्नाले संघीय संसदले बनाएको स्वास्थ्य सम्बन्धी ऐन लाई बुझ्नु पर्छ ।

(ग) "प्रदेश ऐन" भन्नाले कर्णली प्रदेशले बनाएको प्रदेश स्वास्थ्य ऐन २०७५ लाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले भगवतीमाई गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) “सरकारी स्वास्थ्य संस्था” भन्नाले संघ, प्रदेश वा स्थानीय तहको पुर्ण स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(च) “सामुदायिक स्वास्थ्य संस्था” भन्नाले समुदायको अगुवाईमा स्थापना भई संचालन भएका गैर नाफामूलक स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(छ) “निजी स्वास्थ्य संस्था” भन्नाले सेवाकोसँग सँगै नाफाको समेत उद्धेश्य राखी संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ज) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(झ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तरगत बनेको स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्छ ।

(ट) “स्वास्थ्य संस्था” भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्धेश्यले प्रचलित कानुन बमोजिम दर्ता तथा स्थापना भई संचालनमा रहेका सरकारी समुदायिक तथा निजि स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धि व्यवस्था

**३. आधारभुत स्वास्थ्य सेवा प्रदायकहरु :**

स्थानीयस्तरमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वाथ्यसेवा प्रदायकहरु देहाय बमोजिमका हुनेछन् ।

(क) सरकारी वा समुदायीक र सरकारी तथा सामुदायिक स्वामित्व मा सञ्चालनमा रहेका स्वास्थ्य सम्बन्धि सेवा प्रदायक गर्ने सेवा प्रदायक निकायहरु हुनेछन् ।

(ख) निजि : निजि क्षेत्रद्धारा सञ्चालित रहेका स्वास्थ्य सम्बन्धि सेवा प्रदान गर्ने सेवा प्रदायक निकायहरु हुनेछ ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाको अधिनस्थ : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन रहेको स्वास्थ्य सम्बन्धि सेवा प्रदायक गर्ने सेवा प्रदायक निकायहरु हुनेछन् ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड :**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाको रेखदेख र अनुगमन गर्न देहाय बमोजिम स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरीने छ ।

(क) गाउँपालिका उपाध्यक्ष प्रमुख ......................................................................अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी ......................सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक ....................................सदस्य

(घ) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरीरहेका विज्ञहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना ..............................................................................................सदस्य

(ङ) आमा समुह र महिला स्वास्थ्य स्वयंमसेविका संञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको एक १ जना ....................................................................................................सदस्य

(च) स्वास्थ्य संस्था व्यवस्थापन समितिको अध्यक्षयमध्येबाट प्रत्येक बर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना ........................................................................ सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख ....................................................................... सदस्य सचिव

(२) स्वास्थ्य सेवा सरसफाई अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्रभित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ,

(ख) गाउँपालिकाक्षेत्र भित्र स्वास्थ्य संस्था संञ्चालनका लागी अनुमति, स्वीकृत दिने सम्बन्धमा गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।
(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने । जागरुक र सजक बनाउने ।
(घ) स्वास्थ्य संस्थाको लागी आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने/गराउने ।
(च) स्वास्थ्य बिशेष पक्षहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अध्यावधिक तथा प्रकाशन गर्ने,
(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागी स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्न पहलकदमी लिने ।
(ज) गाउँकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ,
(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने

**६ . स्वास्थ्य संस्था ब्यवस्थापन समिति गठन ,काम ,कर्तव्य र अधिकार :**

(१) गाउँपालिका भित्र रहेका समुदायिक अस्पताल, प्रथामिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी व्यवस्थापनका लागी छुटा छुटै व्यवस्थापन समिति गठन गर्नुपर्ने छ ।
(२) दफा १ बमोजिमको व्यवस्थापन समिति गठन सम्बन्धि ब्यवस्था तोकिए बमोजिम हुनेछ
(३) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुने छ

**७. बैंक खाता संञ्चालन**

(१) हरेक स्वास्थ्य संस्थाले नेपाल राष्ट्र बैंक बाट क बर्ग को इजाजत प्रप्त बाणिज्य बैंकमा खाता खोल्नु पर्ने छ
(२) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिव को संयुक्त दस्तखत बाट संचालन हुनेछ
(३) उपदफा २ बमोजिमको स्वास्थ्य संस्थाको लेखा ब्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ

## परिच्छेद ३
## स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धि मापदण्ड

**८ अस्पताल तथा स्वास्थ्य संस्था संचालन मापदण्ड**

(१) अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्डमा २५ शैया सम्म क्षमताको अस्पताल संचालन गर्न सक्ने छ ।
यस्तो अस्पताल गाउँपालिकाले अस्पताल संञ्चालन नियमावली तर्जुमा गरी संञ्चालन गर्ने छ ।
(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा वा जनसंख्याको अनुपातमा कम्तिमा देहायका पुर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नु पर्ने छ
(क) जनशक्ति : अधिकृत स्तर छौटौ तह (हे.ई.समुह ) १ जना, सहायक पाचौ तह (हे.ई समुह) १ जना, सहायक चौथो तह (हे.ई समुह) १ जना, सहायक पाचौ तह (क.न/प.हे.न. समुह) १ जना, सहायक चौथो तह (क न प हे.न.समुह) १ जना, कार्यालय सहयोगी १ जना
(ख) भवन कोठा : प्रशासन कक्ष, नाम दर्ता कक्ष(रजिष्टेशन), औषधी भण्डारण तथा वितरण कक्ष, बिरामी जाँच कक्ष, प्रसुति कक्ष, उत्तर प्रसुति कक्ष, ड्रेसिङ्ग रुम, प्रथमिक उपचार कक्ष, परिवार नियोजन तथा गर्भवति कक्ष, कर्मचारी आवास जस्ता सुविधा सहितको भवन
(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरणहरु ।
(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा : गाउँपालिका भित्र संचालन मा रहेका र संचालन हुने आयुर्वेदिक औषधालय तथा आयुर्वेदिक तथा प्राकृतिक चिकित्सा केन्द्रमा देहाय बमोजिमका पूर्वाधारहरु हुनुपर्ने छ
(क) जनशक्ति : कविराज /कविराज निरीक्षक /बरिष्ठ कविराज निरिक्षक मध्ये १ जना, वैध /वैध निरीक्षक/बरिष्ठ/वैध निरीक्षक मध्ये १ जना, औषधि कुटुवा १ जना र कार्यालय सहयोगी १ जना गरी जम्मा ४ जना

(ख) भवन कोठा : प्रशासन कक्ष, नाम दर्ता कक्षा(रजिष्टेशन), औषधी भण्डारण तथा वितरण कक्ष, बिरामी जाँच कक्ष, कर्मचारी आवास जस्ता सुविधा सहितको भवन ,

(ग) उपकरण : आयुर्वेद तथा वैकल्पिक उपचारका आधारभुत उपकरणहरु

(४) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोगथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदायिक वा ट्रष्टहरु संगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तिमा एउटा १ आर्युवेद तथा प्राकृतिक चिकित्सा केन्द्रका स्थापना र संचालन गर्न सक्नेछ ।

**९ निजि क्षेत्रले अस्पताल संचालन गर्न सक्ने**

(१) गाउँपालिकाक्षेत्र भित्र नीजि क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था गरी अस्पताल संचालन गर्न चाहेमा गाउँपालिकाले २० शैया सम्मको अपताल संञ्चालन अनुमति दिन सक्ने छ ।

(२) उपदफा १ बमोजिम अस्पताल संञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि गाउँपालिकाले तोकेको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्ने छ

(३) अनुगमन समितिले प्राप्त निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने छ

(४) उपदफा ३ बमोजिमको सिफारिसको आधारमा गाउँपालिकाले २ महिना भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ

(५) आशय पत्र प्राप्त निकायले तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पुर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँकार्यपालिकामा निवेदन दिनुपर्ने छ ।

(६) अनुगमन समितिले उपदफा ५ बमोजिमको निवेदन उपर आवश्यक अनगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा गाउँकार्यपालिकाले अस्पताल संञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ

**१० .अस्पताल संञ्चालन गर्न आवश्यक मापदण्ड :**

गाउँपालिकाको स्वीकृतिमा संञ्चालन हुने २५ बेड सम्मको अस्पतालहरुले देहाय अनुसाको मापदण्ड पुरा गर्नु पर्ने छ

(१) जनशक्ति : कम्तिमा २ जना एम बि बि एस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, २ जना एच ए, २ जना अ.हे.ब. कम्तिमा १ जना ल्याब टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी, क्लिनर आदि ।

(२) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमेरजेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याबिन, नर्सिङ्ग कक्ष, पार्किङ्गको व्यवस्था हुनु पर्ने ।

(३) उपकरण पुर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोर्ट सिस्टम २४ सै घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजन व्यवस्था चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनु पर्ने ।

**११ पोलिक्लिनिक संञ्चालनको अनुमति**

(१) गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलीक्लिनिक संञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृति लिनु पर्नेछ ।

(२) पोलिक्लिनिक बिरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालनको विवरण ,सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

**१२ प्रयोगशाला वा ल्याब्रोरेटरी संञ्चालन अनुमति**

(१) कनै ब्यक्ती वा संस्थाले प्रयोगशाला वा ल्याब्रोरेटरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण पेश गरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्ने छ ।

(क) सञ्चालकको विवरण र नागरिकताको प्रमाण पत्र

(ख) प्रयोगशाला वा ल्याब्रोरेटरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात

रेडियो लोजि वा प्याथोलोजि बिषयमा न्युनतम १५ महिने कोर्ष उर्त्तीण गरी स्वास्थ्य व्यवसाय परिषद्मा दर्ता भएको व्यक्तिको प्रमाण पत्र र काम गर्न इच्छुक भएको पत्र

(घ) ल्याबमा प्रयोग गरिने न्युनतम उपकरणहरुको विवरण

(२) उपदफा १ बमोजिम प्राप्त विवरण सहितको आवेदन सम्बन्धमा अनुगमन समितिले अनुगमा गरी दिएको सिफारीस गाउँपालिकाले प्रयोगशाला वा ल्याब्रोरेटरी सञ्चालनको अनुमति दिन सक्नेछ ।

**१३ फार्मेसी संञ्चालनको अनुमति**

(१) गाउँपालिका क्षेत्र भित्र फार्मेसी संञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको विवरण पेश गरी गाउँपालिकाबाट अनुमति लिनु पर्ने छ ।

(क) सञ्चालकको विवरण र नेपाली नागरीताको प्रमाण पत्र

(ख) फार्मेसी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात

(ग) आधारभूत फार्मेसी शिक्षा वा आयुर्वेद कोर्ष उतीर्ण व्यक्ति सञ्चालक रहने गरी नेपाल स्वास्थ्य ब्यवसायी परिषद् वा नेपाल नर्सिड परिषद् वा नेपाल मेडिकल काउन्सिल दर्ता भएको प्रमाण पत्र र काम गर्न इच्छुक भएको पत्र

(घ) बिक्रि बितरण गर्ने औषधिका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण

(ङ) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस

(२) उपदफा १ बमोजिम प्राप्त विवरण सहितको आवेदन सम्बन्धमा अनुगमन समितिले अनुगमन गरी दिएको सिफारिस गाउँपालिकाले फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ

**१४ मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) गाउँपालिकाबाट अनुमति लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालकले स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको, झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरीवाना गराउने तथा स्वीकृति खारेजीको लागी गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन, ल्याब असिष्टेन्ट तथा बि.एम.एल.टि. लगायतका ल्यावसँग सम्वन्धित बिषय अध्यन गरी प्रमाण पत्र प्राप्त ब्यक्तिहरु बाहेकका ब्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाईएमा गाउँपालिकाले त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने वा सञ्चालकलाई कालो सूचीमा राखि आम जनतालाई जानकारी दिने छ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाईएमा गाउँपालिकाले सचेत गराउने वा जरीवाना गर्ने वा अनुमति खारेज गर्नेछ ।

**१५ सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने**

निजि लगानी वा ट्रष्ट मार्फत संञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्कमा गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागी छुट दिनु पर्ने छ ।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेविका सम्वन्धि व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन :** गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मी रहनेछन् ।

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टता आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ,

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एंव गाउँपालिकाको आंशिक वा पुर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका अभ्यासकर्ताहरु (बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ)

**१७. अभियानकर्ता/स्वास्थ्य स्वयंमसेविकाको व्यवस्थापन :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य अभियानकर्ताहरु नियुक्ति गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयमसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औषत प्रती ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयमसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ता सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नेछ ।

(३) प्रत्यक स्वयमसेविका र अभियानकर्ताहरुले आधारभुत स्वास्थ्य सम्वन्धि ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यक्ता अनुसार अभिमुखीकरण तालिम प्रदान गर्नेछन् ।

(४) साविक देखी नै कार्यरत महिला स्वयमसेविकाहरु मध्ये निरक्षर र ५० वर्ष उमेर पुगेकालाई प्रोत्साहन रकमको व्यवस्था गरी विदाई गर्न सकिनेछ र नयाँ नियुक्ति गर्दा कम्तिमा १० कक्षा उत्तिर्णलाई मात्र नियुक्ति दिईनेछ ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलव स्केल र दुई पक्षको विचको समझदारीमा भएको करार सम्झौता बमोजिम सेवा सुविधा,

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केल दुई तिहाई रकममा नबढ्ने गरी उपलव्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता/स्वयमसेविका : अभियानकर्ता/स्वयमसेविकालाई वार्षिक वा पटके रुपमा खटाईदा खटाईको प्रकृती हेरी गाउँसभाले तोके बमोजिम पोशाक, पारिश्रमिक र सञ्चार खर्च बापतको सुविधा उपलव्ध गराईने ।

**१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँसभाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसार पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करार स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दीका पदमा करार नियुक्ति गर्नु पर्ने भएमा भगवतीमाई गाउँपालिकाको जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७७ ले तोके बमोजिमको प्रक्रिया अपनाईनेछ ।

**२०. कर्मचारी सरुवा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात: अर्को स्वास्थ्य संस्थामा सरुवा हुनु पर्नेछ । विशेष परिस्थिति बाहेक न्युनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थाकम कार्य गरेपछी मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्युनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा भगवतीमाई गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको सिफारिस प्रमुख प्रशासकीय अधिकृतले आफ्नो क्षेत्राधिकार भित्रका कुनै पनी स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि "विशेष अवस्था" भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नीसँगै रही सेवा गर्न पाउँने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

**२१. कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अवलम्वन गर्नु गर्नेछ ।

(१) गाउँपालिकाको अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृत सँग उक्त अधिकृतले स्वास्थ्य शाखामा अन्य कर्मचारी तथा स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) अनूगमन समितिले वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने गरी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**२२. कार्य सम्पादन मुल्यांकन, सजार र पुरस्कार :** कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन, सजाय र पुरस्कार प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

## परिच्छेद ५
## औषधी तथा स्वास्थ्य उपकरण खरिद, भण्डारण र वितरण सम्वन्धि व्यवस्था :

**२३. वार्षिक खरिद योजना बनाउनु पर्ने :**
(१) स्वास्थ्य शाखाले गाउँ क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।
(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ ।

**२४ औषधी तथा स्वास्थ्य उपकरण खरिद :** औषधी तथा स्वास्थ्य उपकरणको खरिदको लागि स्वास्थ्य शाखाले अगाडी बढाउनेछ ।
(२) औषधी तथा स्वास्थ्य उपरणको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ सार्वजकि खरिद नियमावली २०६४, यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ र विषयगत स्थानीय कानूनको प्रावधाअनुसार गर्नुपर्नेछ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**
(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था स्वास्थ्य शाखाले मिलाउनु पर्नेछ ।
(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नु पर्नेछ । खरिदको परिमाण निर्धारण गर्दा सम्वन्धित वडा समितिले माग गरे बमोजिम २० प्रतिशतमा नबढ्ने गरी गर्नुपर्नेछ ।
(३) गाउँपालिकाले खरिद गरेका उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ता भित्र सार्वजनिक गर्नु पर्नेछ ।
(४) सम्वन्धित सामुदायिक स्वास्थ्य शाखाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण औषधी तथा औषधी वितरण सम्वन्धि विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वधिन्त वडा समिति मार्फत गाउँपालिकमा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्यूनतम मुल्य र गुणस्तर सामाजिक सुरक्षा अनुगमन सम्वन्धि व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर तोक्न सक्ने :**
(१) गाउँपालिकाले स्थानीय स्तरमा संचालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर निर्धाराण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मुल्य भए/नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम तथा व्यवस्थापन :**
(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण जनचेतना कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।
(२) आवश्यक्ता अनुसार अन्य सामाजिक सुरक्षा कार्याक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

**२८. सरसफाई स्वच्छताका लागि अनुगमन तथा नियमन :**
(१) स्वच्छ खानेपानी र खाद्य पदार्थको गुणस्तर एंव वायु, ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।
(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धि सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षेतीपुर्ति गराउन सिफारिस गर्न सक्नेछ ।
(३) सिफारिस बमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धि व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७
## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्वन्धि व्यवस्था

**२९. रोक तथा रोगीहरुको अभिलेख राख्नु पर्ने:**
(१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र निजको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ३ दिन भित्र नजिकको सामुदायिक स्वाथ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराईएको रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :**

(१) स्थानीयस्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभाव क्षेत्र निक्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधरणलाई भ्रमणमा प्रतिवन्द समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक सतर्कता अपनाउने आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नुपर्नेछ ।

**३१. सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन :**

(१) सुर्ति तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिरा जन्य पदार्थ विक्रिवितरण गर्न बन्देज लगाईनेछ ।

(३) सुर्ति मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान विषेध गर्नेछ ।

(४) खाद्य पदार्थ संगै सुर्ती तथा मदिरा जन्य पदार्थ विक्री वितण गरेमा निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

**३२. सरफाई सम्वन्धि कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई मापदण्ड तयार गरी प्रत्येक आ.व.को पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई परिचालन गरी सबै घर परिवारमा वितरण गर्नेछ ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षेतीपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(५) सहरी तथा अर्धसहरी क्षेत्रमा निष्काशित फोहोर मैला पुन प्रयोग गरी कम्पोष्ट मल बनाएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ८
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल संचालनका लागि सिफारिस :**

(१) राष्ट्रिय वा प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान अस्पताल वा निधान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिमको सिफारिस लिदा प्रभाव अध्ययन गरी स्थानीय स्तरमा प्रभाव पर्ने नकरात्मक प्रभावको न्यूनिकरणको लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुन पर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय, अन्तराष्ट्रिय, संघीय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :** स्वास्थ्य सेवा सम्वन्धि राष्ट्रिय, अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य शाखाले समन्वय गर्ने छ ।

**३५. अनुगमन र नियमन :** आमा समुह, धामी झाक्रि र आम्चि सेवको अभिलेख अद्यावधिक गरी तिनिहरुको क्रियाकलापलाई जनस्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेउछ ।

**३६. प्रगती प्रतिवेदन बुझाउनु पर्नेछ :** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्वन्धि संस्थाले आफ्नो प्रगती विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

**३७. साझेदारी गर्न सक्ने** : गाउँपलिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नको लागि अन्य सरकारी निकाय, निजि व्यवसायी, सामाजिक संघसंस्था ट्रष्ट र व्यक्तिहरुसंग विभिन्न कार्यको लागि साझेदारी गर्न र तिनीहरुबाट औषधी उपकरण विशेषज्ञ सीपहरुको सहायता प्रदान गर्न सक्नेछ ।

**३८. स्वास्थ्य संस्थाको सम्पत्ती :**

(१) गाउँपालिका क्षेत्र भित्र रहेका सरकारी स्रोतमा संचालित स्वास्थ्य चौकी वा स्वास्थ्य संस्थाको हक भोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ । यस ऐन बमोजिम अनुमती वा स्वीकृती रद्ध गरिएमा वा कुनै स्वास्थ्य संस्था गाविसमा वा अन्यत्र सरेमा त्यस्ता स्वास्थ्य संस्थाको सम्पति गाउँपलिकाले गाभिएको स्वास्थ्य संस्था गाउँपालिका स्थित अन्य स्वास्थ्य संस्था वा गाउँपालिकाको अन्य काममा वा सार्वजनिक हितका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपदफा १ बमोजि स्वास्थ्य संस्थाको सम्पति प्रयोगमा नआउने भएमा सो सम्वन्धमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**३९. पुनरावेदन** : तोकिएको अधिकारीले गरेका सजाएको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४०. नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, कार्यविधि र निर्देशिकामा वनाई लागु गर्न सक्नेछ ।

**४१. संक्रमणकालिन व्यवस्था** : यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाद्धारा तोकिए बमोजिम हुनेछ ।

**४२. बाधा अड्काउ फुकाउने अधिकार** : एस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

**४३. खारेजी र बचाउ :**

(१) यो ऐन वा एस ऐन अन्तर्गत बनेका नियममा लेखिए जती कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा व्यवस्था भएका विषयहरु संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हत सम्म सो त अमान्य हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
**बखतबहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**